232

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. २३४/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेत ......................................................................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडी ............१ विपक्षी
सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडी ...........१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम निवेदकले माग गरेको सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्न लेखी पठाएकोमा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडीको मिति २०७१।१२।२, च.नं.५९२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल बैशाख १७ गते रोज ५ शुभम् ।